# नारायण नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,
नयाँबजार, दैलेख
कर्णाली प्रदेश, नेपाल ।

## सिलबन्दी कोटेशन आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति:२०७८।०२।३१**

यस नारायण नगरपालिका अन्तरगतका सामुदायिक बिध्यालयहरुमा अध्ययन गर्ने किशोर अवस्थाका छात्राहरु लाई नि:शुल्क रुपमा सेनीटरी प्याड बितरण गर्ने प्रयोजनको लागी आबश्यक पर्ने सेनीटरी प्याड सिलबन्दी कोटेशनको माध्यमद्धारा खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस सूचनामा उल्लेखित सेवा सर्तको अधिनमा र ईच्छुक ईजाजत पत्र प्राप्त उत्पादक । आपुर्तिकर्ता ब्यक्ति वा फर्म तथा कम्पनीहरुले नारायण न.पा. कार्यालय, दैलेखबाट पछि फिर्ता नहुने गरी रु. १००० ।- तिरी शिलबन्दी कोटेशन फारम खरिद गरी निम्न शर्तको अधिनमा रहि रित पुर्वकको शिलबन्दी दरभाउ पत्र प्रथम पटक सूचना प्रकाशित मितिले १६ औ दिनको १२.०० बजे भित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. दरभाउपत्र फाराम खरिद गर्दा अध्यावधिक नविकरण भएको उत्पादक/आपुर्तिकर्ता फर्मको इजाजत प्राप्तपत्र, आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर दर्ता भएको प्रमाण पत्र, आ.ब. ०७६।०७७ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्रहरु प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । दरभाउ पत्र दाता खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, यो खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र ब्यबसायी सम्बन्धी कसुर सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र समेत सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ ।

२. सेनीटरी प्याड उत्पादन/आपुर्ति कार्यको लागि ईजाजत प्राप्त ब्यबसायी ब्यक्ति वा फर्महरुले मात्र दरभाउ पत्र फाराम खरिद गर्न पाउने छ । सेनीटरी प्याड खरिद तथा सप्लाई कार्यको कार्यालयले सारभुत रुपमा प्रभावग्राही दरभाउ पत्रमध्ये प्याकेजको रुपमा सबै भन्दा घटी कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गर्न सक्नेछ ।

३. खरिद गरिने सेनीटरी प्याडहरुको गुणस्तर सेनीटरी प्याड बितरण तथा ब्यबस्थापन कार्यबिधि २०७६को अनुसुची १ अनुसारको हुनु पर्नेछ । सो प्याडको बिस्तृत स्पेशिफीकेशन न.पा. को आधिकारीक वेबसाइटमा हेर्न सकिने छ ।प्याकिङ्गमा समेत उत्पादन मिति, एक्सपायर मिति, ब्याचनम्बर *र नारायण नगरपालिका दैलेख बाट निशुल्क रुपमा बितरण गरिएको भन्ने शब्द* अनिवार्य रुपमा लेखिएको र सो को उपयोग अवधि (Expired Date) यस कार्यालयमा प्राप्त भएको मितिले १८ महिनाको हुनु पर्नेछ । खरिद सामाग्रीहरुको प्याकिङ्गमा म्याद कमभएको सामाग्रीहरु प्राप्त हुनआएमा फिर्ता गर्न बाधा पर्ने छैन ।

४. खरिद गरिने सेनीटरी प्याडको उत्पादन बिदेशी भएमा सम्बन्धित बिभागको पैठारी सिफारिश पत्रको नबिकरण गरिएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ (स्वदेशी उत्पादनको हकमा खरिद कर्कर्ताको नाममा उल्लेखित दरभाउपत्र प्रयोजनको लागी जारी गरिएको सक्कल अधिकार पत्र (Authorization Letter) र बिदेशी उत्पादन भएमा नेपाल भित्र बितरणको लागी तोकीएको आधिकारीक एजेन्टबाट लिएको सक्कल अधिकार पत्र पेश गर्नु पर्ने छ ।

५. खरिद भएका दरभाउपत्रहरु रित पूर्वक भरि आवश्यक कागजातहरु संलग्न राखी सहिछाप गरि सिलबन्दी गरि खामको बाहिर ब्यक्ति वा फर्मको पुरा नाम, ठेगाना, कामको विवरण स्पष्ट लेखि १६ (सोह्र) औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । अन्यथा मान्यता दिईने छैन । दर्ता भएका सम्पूर्ण शिलबन्दी दरभाउपत्र ठेकेदार वा निजको आधिकारीक प्रतिनिधिहरुको र कार्यालयको प्रतिनिधीहरुको रोहवरमा सोहि दिनको २:०० बजे अर्थात मिति २०७८।०३।१५ गते दिनको २.०० बजे खोलिने छ। दरभाउ पत्रदाता वा निजको आधिकारिक प्रतिनिधिहरु अनुपस्थित रहेमा पनि दरभाउ पत्र खोल्नबाधा पर्नेछैन।

६. दरभाउपत्र साथ धरौटी वापत तपशिलमा उल्लेखित रकम यस कार्यालयको रा.वा शाखा दैलेखमा रहेको धरौटी खाता नं.४०११००३०३००००००२ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ (पचहत्तर) दिन म्याद भएको बिड बण्ड संलग्न हुनुपर्नेछ । नगदलाई मान्यता दिईने छैन ।

८. ठेक्का अवधी भर कुनै पनि मुल्य बृद्धि दिईने छैन र खरिद हुने प्याड सम्बन्धित खरिदकर्ता न.पा. कार्यालय दैलेखसम्म आपुर्तिकर्ता (दरभाउ पत्रदाता) स्वयमले ढुवानी गरि ल्याउनु पर्नेछ ।

९. लागत अनुमान रकम मु.अ.कर तथा कन्टीजेन्सी सहित रु.१८,००,००० अठार लाख मात्र रहेको छ ।

१०. शिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्न र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्य हुनेछ ।

११. शिलबन्दी दरभाउ पत्रमा अंक र अक्षर दुबैमा प्रष्ट सँग दररेट लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा अनिवार्य सहिछाप भएको हुनुपर्नेछ ।

१२. नियमानुसार लाग्ने कुनै पनि कर, दस्तुरहरु ठेकेदार स्वयंमले ब्यहोर्नु पर्नेछ ।

१३. म्याद नाघी वा रित नपुगी वा कुनै शर्त राखि पेश हुनआएको शिलबन्दी दरभाउपत्र उपर कुनै पनि कारबाही गरिने छैन।

१४. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१५. यस सूचनामा लेखिएको हकमा यसै सूचना बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ (संशोधित) र नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

१६. शिलबन्दी दरभाउपत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल:**

| क्र.स. | ठेक्का नं. | विवरण | लागत अनुमान (मु.अ.करतथा कन्टीनेन्सी सहित) (रु.) | विड बण्ड रकम (रु.) | दरभाउपत्र खरीद दस्तुर रु. | ठेकेदारको बर्ग |
|---|---|---|---|---|---|---|
| १ | १३/०७७/०७८ | सेनीटरी प्याड खरिद तथा आपूर्ति कार्य । | १८,००,००० ।- | ४५,००० ।- | १,००० ।- | इजाजत प्राप्त उत्पादक /आपुर्तिकर्ता |

(रेशम बहादुर ...)
प्रमुख प्रशासकीय अधिकृत